राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम तयार पारिएको

# विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

**विधेयकको नामः** नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१

**संशोधनको सूचना दर्ता गर्ने माननीय सदस्यहरू** (दर्ताको क्रमानुसार):

| दर्ता नं. | संशोधन प्रस्तावकर्ता | दर्ता नं. | संशोधन प्रस्तावकर्ता |
|---|---|---|---|
| ०१ | मा. देवेन्द्र दाहाल, मा. गोपाल भट्टराई, मा. तुलसा कुमारी दाहाल, मा. भगवती न्यौपाने, मा. रुक्मिणी कोइराला, मा. सुमित्रा बि.सी. र मा. सोनाम गेल्जेन शेर्पा | ०२ | मा. गोपीबहादुर सार्की आछामी, मा. गंगा कुमारी बेलवासे, मा. जग प्रसाद शर्मा, मा. झक्कु प्रसाद सुवेदी, मा. तारामान स्वाँर, मा. नर बहादुर विष्ट, मा. माया प्रसाद शर्मा, मा. रेनु चन्द, मा. विष्णु बहादुर विश्वकर्मा, मा. श्रीकृष्ण प्रसाद अधिकारी र मा. सुरेश कुमार आलेमगर |
| ०३ | मा. डा. बेदुराम भुसाल, मा. उदय बहादुर बोहरा, मा. गोमा देवी तिमल्सिना, मा. घनश्याम रिजाल, मा. मदन कुमारी शाह(गरिमा) र मा. राजेन्द्र लक्ष्मी गैरे | ०४ | मा. डा. अन्जान शाक्य |
| ०५ | मा. पदम बहादुर परियार, मा. कमला देवी पन्त, मा कृष्ण बहादुर रोकाय, मा. किरण बाबु श्रेष्ठ र मा. विष्णु कुमारी सापकोटा | | |

## २) संशोधन प्रस्तावको विवरण (दफाक्रमानुसार मिलाइएको)

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १. | मा. देवेन्द्र दाहाल सहितका माननीय सदस्यहरू | प्रस्तावना | | | | "नवीकरणीय ऊर्जाको" भन्ने शब्दहरूपछि "पहिचान" भन्ने शब्द थप्नु पर्ने। |
| २. | मा. गोपीबहादुर सार्की आछामी सहितका माननीय सदस्यहरू | प्रस्तावना | | | | • "विस्तार गरी" भन्ने शब्दहरूपछि "स्वच्छ ऊर्जाद्वारा" भन्ने शब्दहरू थप्नु पर्ने,<br>• "बचत र संरक्षण" शब्दपछि "तथा आपूर्तिको सुरक्षा सुनिश्चित" भन्ने शब्दहरू थप्नुपर्ने, र<br>• "लक्ष्य हासिल गर्न" भन्ने शब्दहरूको सट्टा "लागि" भन्ने शब्द राख्नु पर्ने। |
| ३. | मा. डा. अन्जान शाक्य | प्रस्तावना | | | | • "नवीकरणीय ऊर्जाको" भन्ने शब्दहरूपछि “पहिचान, उत्पादन,” भन्ने शब्दहरू थप्नु पर्ने।<br>• “र संरक्षण" भन्ने शब्दहरूपछि “तथा ऊर्जा अभावको कमीलाई पूर्ति” भन्ने शब्द थप्नु पर्ने।<br>• "वृद्धि गरी" भन्ने शब्दहरूपछि “ऊर्जा क्षेत्रको व्यापक विकास र विस्तारका आधारमा मुलुकमा आर्थिक सम्वृद्धि हासिल गर्दै विद्युत निर्यातलाई प्रवर्द्धन गर्ने तथा” भन्ने शब्दहरू थप्नु पर्ने। |
| ४. | मा. डा. अन्जान शाक्य | १ | (१) | | | "तथा ऊर्जा दक्षता" भन्ने शब्दहरूको सट्टा "प्रवर्द्धन" भन्ने शब्द राख्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ५. | मा. डा. अन्जान शाक्य | १ | (२) | | | "प्रमाणीकरण" भन्ने शब्दको पछाडि रहेका "भएको मितिले एकतिसौं दिनदेखि" भन्ने शब्दहरूको सट्टा "भई राजपत्रमा प्रकाशित भएको मितिदेखि" भन्ने शब्दहरू राखु पर्ने। |
| ६. | मा. देवेन्द्र दाहाल सहितका माननीय सदस्यहरू | २ | | | | "जैविक" शब्दको परिभाषा थप्नु पर्ने। |
| ७. | मा. गोपीबहादुर सार्की आछामी सहितका मा. सदस्यहरू | २ | | | | खण्ड (ठ) पछि देहायका (ड), (ढ) र (ण) खण्डहरू थपी "नवीकरणीय ऊर्जा उपभोक्ता", "राष्ट्रिय नवीकरणीय ऊर्जा योजना र ऊर्जा नीति" र "नवीकरणीय ऊर्जाको आवश्यक श्रोत तथा माध्यम" भन्ने शब्दहरू परिभाषित गरी खण्डक्रम मिलाउनु पर्ने। |
| ८. | मा. पदम बहादुर परियार सहितका मा. सदस्यहरू | २ | | | | "लक्षित तथा विशेष कार्यक्रम" लाई परिभाषित गर्नु पर्ने। |
| ९. | मा. डा. अन्जान शाक्य | ३ | (१) | | | "ऊर्जा प्रवर्द्धन" भन्ने शब्दपछि "पहिचान, उत्पादन" भन्ने शब्दहरू राखी विधेयकको ठाउँ-ठाउँमा रहेका "ऊर्जाको प्रवर्द्धन" भन्ने शब्दहरूपछि "पहिचान, उत्पादन," भन्ने शब्दहरू थप्नु पर्ने। |
| १०. | मा. पदम बहादुर परियार सहितका मा. सदस्यहरू | ३ | (२) | | | तीन तहको अन्तरसम्बन्ध बारेमा स्पष्ट गरिनु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ११. | मा. देवेन्द्र दाहाल सहितका माननीय सदस्यहरू | ३ | (२) | | | "गर्नु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "गर्नेछन्" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १२. | मा. डा. अन्जान शाक्य | ३ | (३) | | | "केन्द्रले" भन्ने शब्दको सट्टा "केन्द्र स्वयं वा उक्त केन्द्रका प्रदेशस्तरीय शाखाहरू वा स्थानीय तहमा रहेका शाखाहरू वा प्रदेश तथा स्थानीय तहमा सोही तहका कानून बमोजिम स्थापित संस्थागत संरचनाले" भन्ने शब्दहरू थप्नु पर्ने। |
| १३. | मा. देवेन्द्र दाहाल सहितका माननीय सदस्यहरू | ३ | (३) | | | "गराउन सक्नेछ" भन्ने शब्दहरूको सट्टा "गराउने नीति अवलम्बन गर्नेछ" भन्ने शब्दहरू राख्नु पर्ने। |
| १४. | मा. पदम बहादुर परियार सहितका मा. सदस्यहरू | ४ | (२) | (ङ) | | "जनसंख्या," भन्ने शब्दपछि "र समुदाय" भन्ने शब्द थप्नु पर्ने। |
| १५. | मा. देवेन्द्र दाहाल सहितका माननीय सदस्यहरू | ४ | (२) | | | खण्ड (झ) पछि देहायको खण्ड (ञ) थपी खण्डक्रम मिलाउनु पर्नेः-<br>"(झ) आयोजना शुरू गर्ने र सम्पन्न गर्ने अवधि तोकिनु पर्नेछ।" |
| १६. | मा. देवेन्द्र दाहाल सहितका मा. सदस्यहरू | ७ | (१) | (क) | | "वा" भन्ने शब्द झिक्नु पर्ने। |
| १७. | मा. देवेन्द्र दाहाल सहितका मा. सदस्यहरू | ७ | (१) | (घ) | | "विवेकसम्मत" भन्ने शब्द झिक्नु पर्ने। |
| १८. | मा. देवेन्द्र दाहाल सहितका मा. सदस्यहरू | ७ | (२) | (क) | | "वा" भन्ने शब्द झिक्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १९. | मा. देवेन्द्र दाहाल सहितका मा. सदस्यहरू | ७ | (२) | (च) | | "वा" भन्ने शब्द झिक्नु पर्ने। |
| २०. | मा. डा. अन्जान शाक्य | ८ | (१) | | | "ऊर्जा सम्वन्धमा" भन्ने शब्दहरूपछि रहेका शब्दहरूको सट्टा "प्रत्येक दुई वर्षमा ऊर्जा परिक्षकबाट ऊर्जा परिक्षण गराउनु पर्नेछ" भन्ने शब्दहरू राखु पर्ने । |
| २१. | मा. गोपीबहादुर सार्की आछामी सहितका मा. सदस्यहरू | ९ | (३) | | | सर्तहरू ऐनमा नै उल्लेख गर्नु पर्ने। |
| २२. | मा. डा. अन्जान शाक्य | ९ | | | | दफा (९) पछि देहायको दफा (१०) थपी त्यसपछिको दफाक्रम मिलाउनु पर्नेः-<br>"१०. **<u>ऊर्जा परिक्षकको काम कर्तव्य र अधिकारः</u>** ऊर्जा परिक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-<br>(१) ऊर्जा उत्पादनको गुणस्तरको मापदण्ड बमोजिम भए वा नभएको चेक जाँच गर्ने,<br>(२) उत्पादित वा प्रवर्द्धन गरिएको ऊर्जाको किसिम र त्यसको गुणस्तरको मापदण्ड बमोजिम कायम रहे वा नरहेको चेकजाँच गर्ने,<br>(३) ऊर्जा उत्पादन व्यवसायी वा उत्पादकलाई तोकिएको शर्त पालना गरे वा नगरेको परिक्षण गर्ने,<br>(४) तोकिए बमोजिमका अन्य कामहरू गर्ने।" |
| २३. | मा. डा. बेदुराम भुसाल लगयतका मा. सदस्यहरू | १० | | | | ठाउँ ठाउँमा रहेका "(इनर्जी सेभिङ्ग स्किम)" भन्ने शब्दहरू झिक्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| २४. | मा. डा. अन्जान शाक्य | १० | (१) | | | "केन्द्रले" भन्ने शब्दको सट्टा "केन्द्र, प्रादेशिक तथा स्थानीय तहको संरचनामा" भन्ने शब्दहरू राख्नु पर्ने। |
| २५. | मा. गोपीबहादुर सार्की आछामी सहितका मा. सदस्यहरू | ११ | (१) | | | खण्ड (ङ) पछि देहायका खण्ड (च) र (छ) थपी त्यसपछिको खण्डक्रम मिलाउनु पर्नेः-<br>"(च) सहसचिव, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय -सदस्य<br>(छ) सबै प्रदेशबाट प्रदेश सरकारले सिफारिस गरेका एक/एक जना ऊर्जा विज्ञ - सदस्य" |
| २६. | मा. गोपीबहादुर सार्की आछामी सहितका मा. सदस्यहरू | ११ | (१) | | | खण्ड (झ) पछि देहायको खण्ड (ञ) थपी त्यसपछिको खण्डक्रम मिलाउनु पर्नेः-<br>"(ञ) ऊर्जा उपभोक्ता महासंघको प्रतिनिधि एक जना - सदस्य" |
| २७. | मा. डा. अन्जान शाक्य र मा. पदम बहादुर परियार सहितका मा. सदस्यहरू | ११ | (१) | (छ) | | एक जना महिला सहित दुई जना" भन्ने शब्दहरूको सट्टा "तीनजना महिला सहित पाँचजना" भन्ने शब्दहरू राख्नु पर्ने। |
| २८. | मा. डा. अन्जान शाक्य | ११ | (१) | (ज) | | खण्ड (ज) मा रहेको "अध्यक्ष," भन्ने शब्दपछि "वा निजले तोकेको प्रतिनिधि" भन्ने शब्दहरू थप्नु पर्ने। |
| २९. | मा. डा. अन्जान शाक्य | ११ | (१) | (झ) | | खण्ड (ज) मा रहेको "अध्यक्ष," भन्ने शब्दपछि "वा निजले तोकेको प्रतिनिधि" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ३०. | मा. पदम बहादुर परियार सहितका मा. सदस्यहरू | ११ | (१) | | | खण्ड (झ) पछि देहायको खण्ड (ञ) थपी त्यसपछिको खण्डक्रम मिलाउनु पर्नेः-<br>"(ट) नवीकरणीय ऊर्जा उत्पादक मध्येबाट एकजना - सदस्य" |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ३१. | मा. देवेन्द्र दाहाल सहितका मा. सदस्यहरू | ११ | (२) | | | "तीन" भन्ने शब्दको सट्टा "चार" भन्ने शब्द राख्नु पर्ने। |
| ३२. | मा. गोपीबहादुर सार्की आछामी सहितका मा. सदस्यहरू | ११ | (२) | | | उपदफा (२) पछि देहायको उपदफा (३) थपी त्यसपछिको उपदफा क्रम मिलाउनु पर्नेः-<br>"(३) समिति निर्माण गर्दा समानुपातिक समावेशी प्रतिनिधित्व हुने गरी निर्माण गरिनेछ।" |
| ३३. | मा. देवेन्द्र दाहाल सहितका मा. सदस्यहरू | १३ | (४) | | | "निजको अनुपस्थितिमा" भन्ने शब्दहरूपछि "अध्यक्षको अनुमतिमा" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ३४. | मा. डा. अन्जान शाक्य | परिच्छेद-५ | | | | परिच्छेदशीर्षकमा रहेको "केन्द्रको" भन्ने शब्दको सट्टा "केन्द्र, प्रादेशिक र स्थानीय तहको" भन्ने शब्दहरू राखी यसै अनुरूप अन्य व्यवस्था गर्नु पर्ने। |
| ३५. | मा. डा. अन्जान शाक्य | १४ | (१) | | | दफाशीर्षकमा रहेको "केन्द्रको" भन्ने शब्दको सट्टा "केन्द्र, प्रादेशिक र स्थानीय तहको" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ३६. | मा. डा. अन्जान शाक्य | १५ | | | | झिक्नु पर्ने। |
| ३७. | मा. डा. बेदुराम भुसाल लगायतका मा. सदस्यहरू | १६ | | (घ) | | "(इनर्जी मिक्स)" भन्ने शब्द झिक्नु पर्ने। |
| ३८. | मा. गोपीबहादुर सार्की आछामी सहितका मा. सदस्यहरू | १६ | | (थ) | | "तालिम" भन्ने शब्दपछि "तथा जनचेतनामुलक कार्यक्रमहरू" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ३९. | मा. डा. बेदुराम भुसाल लगायतका मा. सदस्यहरू | १६ | | (द) | | झिक्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ४०. | मा. गोपीबहादुर सार्की आछामी सहितका मा. सदस्यहरू | १६ | | (ण) | | यस खण्डको अन्त्यमा "सो बाट प्राप्त रकमको पचास प्रतिशत लाभ प्रभावित समुदायमा प्रवाह गर्ने" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ४१. | मा. देवेन्द्र दाहाल सहितका मा. सदस्यहरू | १७ | (२) | (ख) | | "विश्वविद्यालयबाट" भन्ने शब्दपछि "वातावरण विज्ञान" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ४२. | मा. गोपीबहादुर सार्की आछामी सहितका मा. सदस्यहरू | १७ | (२) | (ख) | | "पन्ध्र" भन्ने शब्दको सट्टा "दश" भन्ने शब्द राख्नु पर्ने। |
| ४३. | मा. पदम बहादुर परियार सहितका मा. सदस्यहरू | १७ | (२) | (ख) | | "एकजना विज्ञ" भन्ने शब्दहरूको सट्टा "एक जना महिला सहित तीन जना विज्ञ" भन्ने शब्दहरू राख्नु पर्ने । |
| ४४. | मा. डा. बेदुराम भुसाल लगयतका मा. सदस्यहरू | १७ | (५) | | | "समितिले" भन्ने शब्दको सट्टा "नियमावलीले" भन्ने शब्द राख्नु पर्ने। |
| ४५. | मा. देवेन्द्र दाहाल सहितका मा. सदस्यहरू | १८ | (१) | (ग) | | "विश्वविद्यालयबाट" भन्ने शब्दपछि "वातावरण विज्ञान" भन्ने शब्दहरू थप्नु पर्ने। |
| ४६. | मा. गोपीबहादुर सार्की आछामी सहितका मा. सदस्यहरू | १८ | (१) | (घ) | | "कम्तीमा" भन्ने शब्दपछि "बाह्र वर्ष" भन्ने शब्दहरूको सट्टा "दश वर्ष" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ४७. | मा. देवेन्द्र दाहाल सहितका मा. सदस्यहरू | १८ | (१) | (घ) | | “बाह्र" भन्ने शब्दको सट्टा "आठ" भन्ने शब्द राख्नु पर्ने। |
| ४८. | मा. पदम बहादुर परियार सहितका मा. सदस्यहरू | १८ | (३) | | | "हुनेछ" भन्ने शब्दपछि "र नियुक्ति भएको मितिले कम्तीमा दुई वर्ष पदबाट हटाइने छैन" भन्ने शब्दहरू थप्नु पर्ने । |
| ४९. | मा. पदम बहादुर परियार सहितका मा. सदस्यहरू | १८ | (४) | | | "जुनसुकै बखत" भन्ने शब्दहरूको सट्टा "नियुक्ति भएको मितिले दुई वर्षपछि" भन्ने शब्दहरू राख्नु पर्ने । |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ५०. | मा. गोपीबहादुर सार्की आछामी सहितका मा. सदस्यहरू | १९ | (१) | (ग) | | "नैतिक पतन देखिने" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| ५१. | मा. गोपीबहादुर सार्की आछामी र मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | १९ | (१) | (ङ) | | झिक्नु पर्ने। |
| ५२. | मा. देवेन्द्र दाहाल सहितका मा. सदस्यहरू | २२ | | (छ) | | "अन्य" भन्ने शब्द झिक्नु पर्ने। |
| ५३. | मा. पदम बहादुर परियार सहितका मा. सदस्यहरू | २३ | (१) | | | न्युनतम कर्मचारी संख्या उल्लेख गर्नु पर्ने । |
| ५४. | मा. डा. अन्जान शाक्य | २४ | | | | उपदफा (४) पछि देहायको उपदफा (५) थपी त्यसपछिको उपदफा क्रम मिलाउनु पर्नेः-<br>"(५) लक्षित तथा विशेष कार्यक्रम सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ।" |
| ५५. | मा. डा. अन्जान शाक्य | २५ | (१) | | | "केन्द्रले" भन्ने शब्दको सट्टा "केन्द्र, प्रादेशिक र स्थानिय तहको संरचनाले" भन्ने शब्दहरू राखु पर्ने। |
| ५६. | मा. डा. अन्जान शाक्य | २५ | (२) | | | केन्द्रले" भन्ने शब्दको सट्टा "केन्द्र, प्रादेशिक र स्थानिय तहको संरचनाले" भन्ने शब्दहरू राखु पर्ने। |
| ५७. | मा. पदम बहादुर परियार सहितका मा. सदस्यहरू | २४ | (४) | | | "दिनु पर्नेछ" भन्ने शब्दको सट्टा "दिइनेछ" भन्ने शब्द राख्नु पर्ने । |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ५८. | मा. पदम बहादुर परियार सहितका मा. सदस्यहरू | २५ | (३) | | | बैंकको ब्याजदर समितिले निर्धारण गर्ने प्रबन्ध झिक्नु पर्ने। |
| ५९. | मा. देवेन्द्र दाहाल सहितका मा. सदस्यहरू | २९ | | (२) | | "केन्द्रले एक" शब्दहरूपछि "अन्तराष्ट्रियस्तरको" भन्ने शब्द थपी "तथा सञ्चालन गर्न सक्नेछ" भन्ने शब्दहरूको सट्टा "गर्नेछ" भन्ने शब्द राखु पर्ने। |
| ६०. | मा. देवेन्द्र दाहाल सहितका मा. सदस्यहरू | २९ | | (६) | | "गर्न सक्नेछन्" भन्ने शब्दहरूको सट्टा "गर्नेछन्" भन्ने शब्द राखु पर्ने। |
| ६१. | मा. देवेन्द्र दाहाल सहितका मा. सदस्यहरू | २९ | | (७) | | "गराउन सकिनेछ" भन्ने शब्दहरूको सट्टा "गराउनु पर्नेछ" भन्ने शब्दहरू राखु पर्ने। |
| ६२. | मा. देवेन्द्र दाहाल सहितका मा. सदस्यहरू | ३१ | (५) | | | "तोकिए" भन्ने शब्दको सट्टा "आर्थिक विनियम" भन्ने शब्दहरू राखु पर्ने। |
| ६३. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ३१ | (५) | | | "सञ्चालन" भन्ने शब्दपछि "नियमावलीमा" भन्ने शब्द थप्नु पर्ने। |
| ६४. | मा. डा. अन्जान शाक्य | ३३ | (१) | | | "केन्द्रको प्रमुख कार्यकारी अधिकृतले" भन्ने शब्दहरूको सट्टा "केन्द्र, प्रादेशिक र स्थानिय तहको संरचना रहेको प्रमुख कार्यकारीले" भन्ने शब्दहरू राखु पर्ने। |
| ६५. | मा. पदम बहादुर परियार सहितका मा. सदस्यहरू | ३५ | | | | "दिनु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "दिइनेछ" भन्ने शब्द राखु पर्ने। |
| ६६. | मा. पदम बहादुर परियार सहितका मा. सदस्यहरू | ३८ | (१) | (ख) | | "जनसंख्या," भन्ने शब्दको सट्टा "जनसंख्या र समुदाय" भन्ने शब्दहरू राखु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ६७. | मा. पदम बहादुर परियार सहितका मा. सदस्यहरू | ३८ | (१) | | | खण्ड (ङ) पछि देहायको खण्ड (च) थपी त्यसपछिको खण्डक्रम मिलाउनु पर्नेः-<br>"(च) आयोजनाको दिगोपना सम्बन्धी योजना" |
| ६८. | मा. पदम बहादुर परियार सहितका मा. सदस्यहरू | ३९ | (२) | | | झिक्नु पर्ने। |
| ६९. | मा. देवेन्द्र दाहाल सहितका मा. सदस्यहरू | ४२ | | | | झिकी दफाक्रम मिलाउनु पर्ने। |
| ७०. | मा. देवेन्द्र दाहाल सहितका मा. सदस्यहरू | ४५ | | (ञ) | | झिक्नु पर्ने। |
| ७१. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ४७ | | | | झिकी दफाक्रम मिलाउनु पर्ने। |
| ७२. | मा. देवेन्द्र दाहाल सहितका मा. सदस्यहरू | ४९ | (४) | | | "परिणत हुनेछ" भन्ने शब्दहरूको सट्टा "सरी आउनेछ" भन्ने शब्दहरू राख्नु पर्ने। |

क्र.सं. १ देखि ७२ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।

..............................

**(नारायण प्रसाद दाहाल)**

अध्यक्ष, राष्ट्रिय सभा

मितिः २०८१।०३।१६